**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा । ०७७ जेठ ५ गते**

यस प्रदेशमा जेठ ५ गते ११ जना व्यक्तिहरूमा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । जसअनुरुप रौतहट जिल्ला इशनाथ नगरपालिका-२, ३, ६ र ९ का २१, २१, २३, २५, २५, २९ र ३० वर्षीय सात पुरुष तथा रौतहटकै माधवनारायण नगरपालिका-३ का २८ वर्षीया महिलामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ भने बारा जिल्ला करैयामाइ गाउँपालिका-५ केसरीया टोलका ३८ वर्षीय पुरुष र धनुषाका दुई जना पुरुषमा कोरोना सङ्क्रमण भएको पुष्टि भएको हो ।  कोरोना सङ्क्रमित रौतहटको इशनाथ नगरपालिकाका सात पुरुष छिमेकी मुलुक भारतबाट आएको र उनीहरूलाई इशनाथ नगरपालिकास्थित औरहीया माविमा रहेको क्वारेन्टाइनमा राखिएको थियो । उनीहरूको जेठ २ गते स्वाब सङ्कलन गरिएको थियो । तीन जना आफन्तहरू छिमेकी मुलुक भारतबाट माधवनारायण नगरपालिकाका २८ वर्षीया महिलाको घरमा आएको र उनीहरूलाई कोरोना सङ्क्रमण नदेखिएपनि ती महिलालाई कोरोना सङ्क्रमण भएको खुल्न आएको सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले बताउनु भयो । सङ्क्रमण पुष्टि भएका मध्ये रौतहटका सङ्क्रमितहरूलाई गौर नगरपालिकास्थित गौर नर्सिङ् इन्स्टीच्युटमा रहेको आइसोलेशन कक्षमा उपचारका लागि लगिएको छ भने बाराका सङ्क्रमितलाई कलैया अस्पतालको आइसोलेशन कक्षमा उपचारका लागि लगिएको सामाजिक विकास मन्त्रालयका सचिव घिमिरेले बताउनु भयो ।

प्रदेश २ मा जेठ ५ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद ५ हजार ५ सय ८५ जनाको स्वाब सङ्कलन गरिएको छ । जसमा ४ हजार १६ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १ सय ३१ जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयका सचिव घिमिरेले बताउनु भयो । १ हजार ४ सय ३८ जनाको रिपोर्ट आउन बाँकी रहेको छ । त्यसैगरी, जेठ ५ गतेसम्म आरडीटी किटबाट परीक्षण ५ हजार ५ सय ८९ जनाको गरिएकोमा ५ हजार ५ सय ७८ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने ११ जनाको रिपोर्ट पोजेटिभ आएको छ । प्रदेशमा विभिन्न जिल्लामा निर्माण गरिएको ५ हजार ६ सय ९७ बेड क्षमताको १ सय ८८ ओटा क्वारेन्टाइनमा ३ हजार ३ सय ६२ जना व्यक्तिलाई राखिएको डा. घिमिरेले बताउनु भयो । उहाँका अनुसार प्रदेश भरिमा हालसम्म ४ हजार ८ सय ७३ जना व्यक्तिहरू होमक्वारेन्टाइनमा रहेका छन् भने ४ सय ३२ बेड क्षमताको आइसोलेशनमा १ सय १६ जना उपचारार्थ छन् ।

प्रदेश २ को प्रादेशिक अस्पताल जनकपुरधाममा हुँदै आएको कोरोना भाइरस (कोडिभ-१९) को परीक्षण कार्य जेठ ४ गतेदेखि बन्द गरिएको छ । जनकपुरको पीसीआर मेसिनले गरेको परीक्षण र राष्ट्रिय प्रयोगशाला टेकुमा भएको एउटै नमुनाको परीक्षणमा फरक परेकोले पीसीआर मेसिन बिग्रेको भन्दै जनकपुरमा दोस्रो पटक बन्द गरिएको छ । यसअघि पहिलो मेसिन पनि राष्ट्रिय प्रयोगशालाले पठाएको पीसीआर मेसिनले भरपर्दो नतिजा दिन नसकेको भन्दै बन्द गरिएको थियो । गत २४ वैशाखमा सङ्कलित पत्रकारहरूको स्वाब परीक्षण गर्दा प्रादेशिक अस्पतालस्थित पीसीआर मेसिनले नेगेटिभ रिपोर्ट

दिएको थियो । तर, राष्ट्रिय प्रयोगशाला टेकुमा परीक्षण गर्दा एकजना पत्रकारसहित दुईजनामा पोजेटिभ देखिएपछि पीसीआर मेसिन बन्द गरिएको प्रादेशिक प्रयोगशालाका निमित्त प्रमुख रामविनय साहले बताउनु भयो ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार सप्तरीको हाटबजारमा खुद्रा पसलहरू समेत सञ्चालनमा आउन थालेका छन् । उनीहरूले प्रहरी आएपछि पसल बन्द गरी, समानहरू बटुलेर भाग्ने र प्रहरी गएपछि पुनः सञ्चालन गर्ने गरेका छन् । अति आवश्यक बाहेकका सवारी साधन, मोटरसाइकलहरू चल्ने क्रम पनि बढेको छ ।
राष्ट्रिय मापदण्ड पूरा गरेर बिहान ६ देखि ९ बजेसम्म कञ्चनरूप हाटबजार, पसल खोल्ने जेठ १ गतेको निर्णय पछि हाटबजार अव्यवस्थित हुँदा जेठ ५ गते बसेको सर्वपक्षीय बैठकले नगरपालिकाका बजार, पसल पूर्णरूपमा बन्द गर्ने निर्णय गरेको छ । बिहान पसल खोल्न दिने निर्णयको प्रभाव सकारात्मक नभएको भन्दै सर्वपक्षीय बैठकले अति आवश्यक सामग्री, खाद्यान्नका पसल समेत बन्द गरी वैकल्पिक व्यवस्था अनुसार सेवा प्रदान गर्नु पर्ने निर्णय भएको छ ।
'सेभ द चिल्ड्रेन' सँगको साझेदारीमा सबल नेपालद्वारा सञ्चालित समुन्नती परियोजना अन्तर्गत सुरूङ्गा नगरपालिकामा गठन भएको चार ओटा कृषक समूहको ७० जना कृषकलाई जेठ ५ गते ३ लाख बराबरको कृषिजन्य सामग्रीहरू वितरण गरिएको छ । लकडाउनको मारमा परेका कृषकहरूलाई मौसम अनुसारको बिउ (बिजन, खाद्य, मल, क्यारेट, हजारी लगायत सिञ्चाइको लागि पाइप जस्ता सामग्रीहरू पहिलो चरणको आवश्यकता अनुसार वितरण गरिएको हो । स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरूको सुरक्षाको लागि सेभ द चिल्ड्रेनले सुरूङ्गा नगरपालिकालाई ५३ सेट पीपीई, १ सय जोडी सर्जिकल ग्लोब्स, ३३ जोडी माक्स तथा खडक नगरपालिकालाई ५० सेट पीपीई, ८० जोडी सर्जिकल ग्लोब्स तथा ३० थान मास्क वितरण गरेको छ ।
राहत वितरणमा अनियमितता भएको भन्दै बोदे बर्साइन नगरपालिका-१ को वडा कार्यालयमा जेठ ४ गतेदेखि वडावासीले लगाएको तालाबन्दी जारी छ । नगरपालिका अध्यक्ष आतेशकुमार सिंह यादवले मागबारे लिखित निवेदन दिन भनेपछि प्रदर्शनकारीहरूले तालबन्दी जारी राखी जेठ ५ गते निवेदन दिएका छन् ।
महादेवा गाउँपालिका-१ मा जेठ ५ गते वडा कार्यालयले दलित, विपन्न, असहाय परिवारका ४ सय ५० परिवारलाई चामल १५ किलो, दाल दुई किलो, खानेतेल एक लिटर, नुन एक किलो राहत वितरण गरेको छ । भारतीय सीमा क्षेत्रबाट प्रवेश गर्नेहरूको सङ्ख्या बढेसँगै स्थानीय तहले खुला ठाउँहरू चयन गरी शिविर निर्माणमा लागेका छन् ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार कोरोनाको मार खेपिरहेका दैनिक ज्याला मजदुरीमा काम गर्ने दलित परिवारहरूलाई जेठ ५ गते समाजसेवी महेश चौधरी र संगिता कर्माचार्यले लहान नगरपालिका-२२ का मुसहर बस्तीमा अतिविपन्न, एकल महिला, असहाय तथा ज्येष्ठनागरिक २५ घर परिवारलाई १० किलो चमाल, एक पोकेट तेल, एक किलो आलू र एक किलो नून वितरण गरेको महेश चौधरीरले बताउनु भयो ।
सखुवानान्कारकट्टी गाउँपालिका-१ का ३० वर्षीय पुरूषमा कोरोना सङ्क्रमण जेठ ३ गते पुष्टि भएको थियो । कोरोना पुष्टिसँगै सुरक्षाकर्मीहरूले गाउँलाई शिल गरेको छ । सङ्क्रमित पुरूष विदेशबाट आएदेखि कत्ति जनाको सम्पर्कमा आएको र कहाँ-कहाँ गएको जान्नको लागि जेठ ५ गतेदेखि सो वडामा कन्ट्रयाक्ट ट्रेसिङ्गको काम सुरू भएको सखुवानन्कारकट्टी गाउँपालिकाका स्वास्थ्य इन्चार्ज हरिनारायण

चौधरीले बताउनु भयो । विश्व स्वास्थ्य सङ्गठन र प्रादेशिक अस्पतालको टोलीले अभिमुखिकरण गरी फर्म भर्न दिए अनुसार जेठ ५ गतेदेखि फर्म भर्न सुरू गरिएको चौधरीले बताउनु भयो । सखुवानन्कारकट्टी गाउँपालिकामा सङ्क्रमितको सम्पर्कमा आएका ३५ जनाको कनट्र्याक्ट ट्रेसिङ्गको फर्म भरीने त्यसैगरी उनको ससुराली बरियारपट्टी गाउँपालिका र मामा घर भगवानपुर गाउँपालिका साथै नवराजपुर गाउँपालिका गएको खुल्न आएकोले सबैको फर्म भरेर मात्र पीसीआर परीक्षण गरिने जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले बताउनु भयो ।
भगवानपुर गाउँपालिकाले जेठ ५ गते वडा नं. २ मा राहत वितरण गरेको छ । भगवानपुर गाउँपालिकाका अध्यक्ष बेचन यादवले वडा नं. २ मा १ सय ३४ जनालाइ राहत वितरण गरेको बताउनु भयो । २५ किलो चामल, दुई किलो दाल, दुई किलो नुन र एक लिटर तेल वितरण गरेको अध्यक्ष यादवले बताउनु भयो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार भंगहा नगरपालिकाका मेयर संजिव साहले यस नगपालिकाका बासिन्दा जो रोजगारी लगायतका शिलशिलामा भारत बस्दै गरेकोमा लकडाउनको अबधिमा सीमानाकामा अलपत्र बसेको थाह पाएर उनिहरूको उद्धार गरेर ल्याउनको लागि एउटा एम्बुलेन्सको व्यवस्था गरेको बताउनु भएको छ । साथै नगर भित्र प्रवेश गराई सकेपछि घर पठाउनु भन्दा अघि, निश्चित अबधिको लागि क्वारेन्टाइनमा बस्ने गरी बन्दोबस्त मिलाइएको बताउनु भयो । त्यसको लागि नगरपालिकाले भंगहा माध्यमिक विद्यालयको भवनमा ७५ बेडको क्वारेन्टाइन तयार पारेको पनि उहाँले बताउनु भयो ।
मेयर साहले बाहिरबाट आउने र शङ्कास्पद व्यक्तिहरू गरी अहिले क्वारेन्टाइनमा ३५ जना रहेको बताउनु भयो । नगरमा शङ्कास्पद व्यक्ति वा बिरामी बारे जानकारी पाए लगतै क्वारेन्टाइनमा राखिने गरिएको छ भने नगर भित्रका कुनै मान्छे सीमानाकामा अलपत्र अवस्थामा अथवा नगरका कुनै मान्छे आएको जानकारी भएपछि नगरपालिकाले त्यस्ता व्यक्तिलाई उद्धार गर्नको लागि २४ सैं घण्टा एम्बुलेन्स तयारी अवस्थामा राखिएको जानकारी मेयर साहले दिनु भयो । उहाँले सीमानाकाबाट उद्धार गरेर सुरूमा क्वारेन्टाइनमा राख्ने र उनिहरूको कोरोना चेकजाँच गराएर रिपोर्ट नेगेटिभ देखिए मात्र घरपरिवारको जिम्मा लगाउने सम्मको तयारी गरेको बताउनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दीपेन्द्रप्रसाद सिंह**का अनुसार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले दिएको जानकारी अनुसार धनुषामा जेठ ५ गते एक जनामा कोरोना भाइरसको सङ्क्रमण भएको पुष्टि भएको छ । नियमित मिडिया ब्रिफिगको क्रममा जेठ ५ गते बिहान ९:१५ बजे धनुषामा समेत सङ्क्रमित एक व्यक्ति थपिएको जनाएको छ । सङ्क्रमित व्यक्ति धनुषाको कुन ठाउँको रहेको भनेर अहिले खुलाइएको छैन ।
जनकपुरधाम उमनपा-८ रामानन्द चौकस्थित जानकी वृद्धा आश्रमका १८ जना वृद्धाहरूलाई जेठ ५ गते महिला मानव अधिकारकर्मीहरूको पहलमा सहयोग गरिएको छ । महिला मानव अधिकार रक्षक सञ्जाल धनुषाका अध्यक्ष शिला झा र महिला मावन अधिकारकर्मी सुशिला शर्माको पहलमा सहयोग गरिएको हो ।
आश्रममा रहनु भएका १८ जना वृद्ध आमाहरूलाई प्रति व्यक्ति तीन पोका सरफ, दुई थान लुगा धुने साबुन, दुई पकेट अगरवत्ती, सलाई र सबै जनालाई चार लिटर दुध सहयोग गरेको हो । अधिकारकर्मीद्वय रूपेश साह र रमण अधिकारीले आर्थिक सहयोग गर्नु भएको थियो । आश्रममा रहनु भएकी वृद्ध आमाहरूलाई अझै सहयोगको आवश्यकता रहेकोले आगामी दिनमा समेत आर्थिक सहयोग

जुटाएर सहयोग गर्ने महिला मानव अधिकारकर्मी झाले बताउनु भयो । सहयोग पाएपछि आश्रमका वृद्ध आमाहरू खुशी हुँदै सहयोग गरेकोमा दुबै जनालाई आर्शिवाद समेत दिनु भएको छ ।

त्यसैगरी, प्रादेशिक अस्पताल जनकपुरको आइसोलेशन वार्ड निर्माण तथा व्यवस्थापन छोटो समयमा गरिएकोले प्राविधिक समस्याहरू आएको अस्पतालका बरिष्ठ चिकित्सक डा. जामुन सिंहले बताउनु भएको छ । वैशाख ३ गतेबाट अस्पतालमा आइसोलेशन वार्ड निमार्ण गर्दा सुरू गरिएको डा.सिंहले बताउनु भयो ।

पहिला नै निमार्ण गरिएको पुरानो भवनमा सबै आधुनिक कुरा इच्छा अनुसार राख्न भवन तोड्फोड गर्नुपर्ने र सो तत्कालै सम्भव समेत नहुने बताइएको छ । आइसोलेशन वार्डमा ४२ बेडको लागी १० ओटा शौचालय रहेको छ । हरेक कोठामा पर्याप्त उज्यालो र प्रशस्त हावादारसहितको भेन्टिलेशन रहेको डा.जामुन सिंहले बताउनु भयो । आइसोलेशन वार्डमा भर्ना हुने कोरोना सङ्क्रमितहरूको लागि खानाको व्यवस्था प्रादेशिक अस्पतालकै पोषण विभागलाई जिम्मा दिइएको छ । खानाको सम्पुर्ण व्यवस्थापन पोषण विभागले नै गर्ने गरेको अस्पतालले जनाएको छ ।

पानीको लागी aquaguard (पानी शुद्धिकरण गर्ने रसायन) को व्यवस्था आइसोलेशन भित्रै गरिएको छ । बिरामीको माग अनुसार २४ सैँ घण्टा तातो पानीको व्यवस्था गरिएको छ ।

त्यसैगरी, प्रदेश २ को प्रादेशिक अस्पताल जनकपुरधाममा हुँदै आएको कोरोना भाइरस कोडिभ-१९ को परीक्षण कार्य जेठ ४ गतेदेखि बन्द गरिएको छ । जनकपुरको पीसीआर मेशिनले गरेको परीक्षण र काठमाडौँमा भएको एउटै नमुनाको परीक्षण फरक पर्दै आएकाले पीसीआर मेशिन बिग्रेको भन्दै जनकपुरमा दोश्रो पटक बन्द गरिएको छ ।

यसअघि पहिलो मेशिन पनि राष्ट्रिय प्रयोगशालाले पठाएको पीसीआर मेसिनले भरपर्दो नतिजा दिन नसकेको भन्दै बन्द गरिएको थियो । गत २४ वैशाखमा सङ्कलित पत्रकारहरूको स्वाब परीक्षण गर्दा प्रादेशिक अस्पतालस्थित पीसीआर मेसिनले नेगेटिभ नतिजा दिएको थियो । तर, राष्ट्रिय प्रयोगशाला टेकु, काठमाडौँमा परीक्षण गर्दा एक जना पत्रकारसहित दुई जनामा पोजेटिभ देखिएपछि पीसीआर मेशिन बन्द गरिएको प्रादेशिक प्रयोगशालाका निमित्त प्रमुख रामविनय साहले बताउनु भयो ।

पहिलो पटक प्राविधिकहरूले जडान गरेपनि पछिल्लो पटक पीसीआर मेशिन प्रयोशालाका निर्देशक डा. रूणा झा आफै जनकपुर आएर पीसीआर मेशिन जडान गर्नु भएको थियो । निर्देशक स्वयम् आफै आएर मेशिन जडान गर्न लगाएपछि पछिल्लो भन्दा अहिलेको मेशिन भरपर्दो हुने विश्वास गरिएको भएपनि अहिले पुनः टेष्ट बन्द गरि काठमाडौँको टेकुस्थित राष्ट्रिय प्रयोगशालामा पठाइने गरिएको छ ।

प्रादेशिक प्रयोगशाला र टेकुको रिपोर्ट पटक-पटक फरक पर्न थालेपछि यहाँ कार्यरत प्राविधिकहरूको दक्षतामा समेत प्रश्न उठ्न थालेको छ । कतिपय जानकारहरू प्राविधिकलाई पर्याप्त तालिम नदिँदा यस्तो समस्या आएको बताएका छन् ।

यसैबिच, प्रदेश २ सरकारले जनकपुर र राजविराजको लागि रियल टाइम पीसीआर मेशिन खरिद गर्ने तयारीमा रहेको मुख्यमन्त्रि लालबाबु राउतले जेठ ४ गते प्रदेशवासीको नाममा गरेको सम्बोधनकै त्रममा उल्लेख गर्नु भएको छ । मेशिन खरिद गर्नका लागि प्रदेश सरकारले टेन्डर प्रक्रिया अघि बढाई सकेको प्रदेश सरकारका प्रवक्ता समेत रहनु भएका आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्रकुमार यादवले बताउनु भएको छ ।

धनुषामा कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमण भेटिएका एक पत्रकार र पुस्तक व्यवसायीको सम्पर्कमा आएकाहरूको जेठ ५ गते स्वाब सङ्कलन गरिएको छ । सङ्क्रमितहरूको कन्ट्र्याक्ट ट्रेसिङका आधारमा ३० जनाको स्वाब परीक्षण पत्रकार महासंघ धनुषाको भवनमा गरिएको छ ।

नेपाली सेना महेन्द्रनगर रणभीम गणको सहयोगमा प्रादेशिक अस्पताल जनकपुरधामको प्राविधिक प्रयोगशालाको टोलीले सङ्क्रमितको सम्पर्कमा आएका र घरपरिवार, कार्यरत टेलिभिजन तथा पत्रकार महासंघको सम्पर्कमा आएकाको थ्रोट र नोजल स्वाब सङ्कलन गरिएको प्रयोगशाला प्रमुख रामविनय साहले जानकारी दिनु भएको छ ।
यता, बटेश्वर गाउँपालिकाको क्वारेन्टाइनमा रहेका १६ जनाको समेत जेठ ५ गते नै स्वाब सङ्कलन गरिएको छ । क्वारेन्टाइनमा रहेका १६ जनाको दिउँसो स्वाब सङ्कलन गरिएको बटेश्वर गाउँपालिकाका स्वास्थ्य संयोजक रूद्रनारायण झाले बताउनु भयो ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार जेठ ५ बिहान भारतको विभिन्न क्षेत्रबाट सर्लाहीको विभिन्न नाकाको चोर बाटो हुँदै नेपाल प्रवेश गरेका १ सय १६ जना नेपाली मजदुरहरू दशगजामा आइपुगेका छन् । उनीहरूलाई स्थानीय प्रशासनले दशगजामै रोकेर सम्बन्धित स्थानीय तह तथा स्थानीय तहको क्वारेन्टाइनमा पठाउने काम भइरहेको छ ।
भारतको विभिन्न प्रान्तमा रोजगारीका शिलशिलामा गएका सर्लाहीको ब्रम्हपुरी, बसबरिया, चक्रघट्टा, पर्सा गाउँपालिका तथा हरिपुर नगरपालिकाका लगायतमा १ सय १६ जना नेपाली मजदुरहरूलाई जेठ ५ गते बिहान एकैसाथ मलंगवास्थित नेपाल-भारत सीमाक्षेत्र दशगजामा आएका थिए ।
उनीहरूलाई सशस्त्र प्रहरीको सीमा सुरक्षा टोलीले दशगजामा रोकेका थिए । ठुलो सङ्ख्यामा नेपालीहरू आएर दशगजामा बसिरहेको जानकारी पाए लगत्तै उनीहरूको ट्राभल हिस्ट्रीको बारेमा जानकारी लिएर सम्बन्धित स्थानीय तहको प्रमुखहरूलाई खबर गरिएको छ । उनीहरूलाई  स्थानीय तहको प्रमुखको जिम्मा लगाएर सम्बन्धित स्थानीय तहमा रहेका क्वारेन्टाइनमा पठाएको सर्लाही जिल्लाको प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीले जानकारी दिनु भयो । सर्लाहीबाट ठुलो सङ्ख्यामा युवा तथा बेरोजगारहरूले कामको खोजीमा भारतका विभिन्न प्रान्तहरू जाने गरेका छन् ।
उनीहरू वर्षको दुई वा तीनपटक चाडपर्व अथवा घरायसी काम परेको बेला मात्र नेपाल आउने गर्छन् । तर, कोरोनाको महामारीले गर्दा भारत सरकारले लकडाउन गरेपछि काम बन्द भएर उनीहरूको नेपाल फर्कने क्रम बढेको छ । यहाँको सरकारले हामीलाई जतिदिन सम्म क्वारेन्टाइनमा राख्न चाहन्छ हामी बस्न तयार छौं, मलंगवा नजिकैको दशगजामा भेटिएका नेपाली मजदुरहरूले बताउनु भएको छ ।
भारतबाट आएका नेपालीहरूलाई नेपाल प्रवेशमा रोक लगाइएकोले नाकाको चोरबाटो प्रयोग गरेर लुकिछिपी प्रवेश गर्ने क्रम रोकिएको छैन् । यस्तो हुनबाट रोक्न उनीहरूलाई नेपाल प्रवेश गराएर सम्बन्धित स्थानीय तहको क्वारेन्टाइनमा पठाउनु पर्ने मलंगवा नगरपालिकाका युवा देवेन्द्र राय यादवले बताउनु भयो ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार रौतहटमा आठ जना कोरोना सङ्क्रमित थपिएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएअनुसार जेठ ५ गते बिहान मात्रै रौतहटमा आठ जनामा कोरोना पुष्टि भएको हो । यो सँगै रौतकटमा कोरोना भाइरसको सङ्क्रमितको सङ्ख्या २१ पुगिसकेको छ । रौतहटको इशनाथ नगरपालिका वडा नं. २, ३, ६ र ९ का २१, २१, २३, २५, २५, २९ र ३० वर्षीय पुरूष तथा रौतहटकै माधवनारायण नगरपालिका-३ की २८ वर्षीया महिलामा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता समिरकुमार अधिकारीका अनुसार कोरोना भाइरसको सङ्क्रमितको अवस्था सामान्य रहेको छ भने उनीहरू स्वास्थ्यकर्मीको सम्पर्कमा रहेका छन् । उनीहरूको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु काठमाडौंमा परीक्षण गरिएको थियो ।

आज कोरोना सङ्क्रमण पुष्टि भएका सङ्क्रमित आठ जनालाई रौतहटको गौर नगरपालिका स्थित गौर नर्सिङ्ग इन्स्टिच्युटमा रहेको आइसोलेशनमा उपचार गर्ने तयारी रहेको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकीय अधिकृत किरणनिधि तिवारीले जानकारी दिनु भयो ।
रौतहटमा २१ जना सङ्क्रमित पुगे सँगै जिल्ला सुरक्षा समिति तथा जिल्ला प्रशासन कार्यलय तदारूकताका साथ लागि परेको र लकडाउनलाई पूर्ण रूपमा पालना गराउन सुरक्षाकर्मी लगायत आवश्यक स्वयम् सेवकहरू खटाई जिल्लामा कोभिड-१९ लाई रोकथाम र नियन्त्रणको लागि पहल भइरहेको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकिय अधिकृत किरणनिधि तिवारीले बताउनु भयो । त्यसैगरी चन्द्रनिगाहापुरमा आइसोलेशन निर्माण कार्य तिव्ररूपमा भैरहेको छ । चन्द्रपुर नगरपालिका-२ स्थित शहिद स्मृति पार्कमा आइसोलेशनको निर्माण कार्य थालिएको हो ।
चन्द्रपुर नगरपालिका सहित चार ओटा नगरपालिकाले संयुक्त रूपमा आइसोलेशन वार्ड निर्माण कार्यमा जुटेको हो । यसअघि चन्द्रपुर नगरपालिका-६ स्थित स्वर्गीय शेरबहादुर दर्लामी खेलमैदानमा निर्माण भएको एन्फा एकेडेमी भवनमा क्वारेन्टाइन बनाएको चन्द्रपुर, बृन्द्रावन, गुजरा र गढिमाई नगरपालिकाले यसपटक भने चन्द्रपुर नगरपालिका-२ स्थित शहिद पार्कमा आइसोलेशन निर्माणमा जुटेको हो । निर्माण कार्यको जिम्मा पाएका गढिमाई नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत नागेन्द्र यादवले आइसोलेशन निर्माणको कार्य तदारूकताका साथ थालिएको बताउनु भयो ।
चन्द्रपुर नगरपालिकाको २५ लाख, वृन्द्रावन, गुजरा र गढिमाई नगरापालिकाको १५-१५ लाख रुपियाँको लागतमा २२ वेडको आइसोलेशन निर्माण गर्न लागिएका हो । उक्त स्थान बस्तिबाट टाढा रहेको छ । राजमार्ग सँगै रहेको सो स्थानमा पुर्वाधार निर्माण सँगै कोभिड अस्पताल बनाउन समेत उपयुक्त स्थान रहेका जनाइएको छ । रौतहटमा २१ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिसकेकोमा तीन जनालाई नारायणी उपक्षेत्रिय अस्पताल बीरगंजको आइसोलेशनमा भर्ना गरिएको छ भने जेठ ४ गने पुष्टि भएका १० जना र जेठ ५ गते पुष्टि भएका कोरोना भाइरसका सङ्क्रमित आठ जनालाई गौर स्थित नर्सिङ्ग इन्सिच्युटमा निर्माण गरिएको आइसोलेशनमा भर्ना गरिएको स्वास्थ कार्यालयका फोकल पर्सन हरेन्द्र गुप्ताले बताउनु भयो । सङ्क्रमित बढन सक्ने अनुमानसहित क्वारेन्टाइन र आइसोलेशन निर्माण गर्नुपर्ने जरूरी देखिएको छ ।
त्यस्तै कोरोना सङ्क्रमणका बेला जोखिमपूर्ण अवस्थामा समाचार सङ्कलन गरिरहेका रौतहटका ८५ जना पत्रकारको बिमा गरिएको छ । नेपाल पत्रकार महासंघ रौतहटको शाखाले सदस्य तथा सक्रिय सञ्चारकर्मीका लागि कोरोना बिमा गराएको हो । माधवनारायण नगरपालिकाको आर्थिक सहयोगमा रौतहटका ८५ सञ्चारकर्मीका लागि कुल ८५ लाखको बिमा गरिएको हो । माधवनारायण नगरपालिकाका मेयर बिरेन्द्र राय यादवले बिमाको लागि लाग्ने शुल्क ८५ लाखको बिमा गरिएको बतायो । माधवनारायण नगरपालिकाका मेयर यादवले बिमाको लागि लाग्ने शुल्क बराबरको चेक पत्रकार महासंघ रौतहटका सचिव गौतम श्रेष्ठलाई हस्तान्तरण गर्नु भएको छ । विपतिको समयमा खटिरहेका सञ्चारकर्मीहरूको मनोबल उच्च बनाउन र सुरक्षासमेत प्रदान गर्ने उद्देश्यले बिमा शुल्क रकम सहयोग गरेको मेयर यादवले भन्नु भयो । नेपाल पत्रकार महासंघको अनुरोधमा सञ्चारकर्मीहरूको लागि सहयोग गर्न पाउदा खुशी लागेको र नेपाल पत्रकार महासंघसँग आबद्ध नभएका तर जिल्लामा सक्रिय पत्रकारिता गरिरहेकाहरूलाई पनि बिमा कार्यक्रममा समेटेको पत्रकार महासंघ रौतहट शाखाका सचिव गौतम श्रेष्ठले बताउनु भयो । प्रतिव्यक्ति ६ सयका दरले कूल ५१ हजार बिमा शुल्क माधवनारायण नगरपालिकाले सहयोग गरेको उहाँले बताउनु भयो ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा भएको परीक्षण अनुसार करैयामाई गाउँपालिका-५ निवासी ३८ वर्षीय पुरूषमा कोरोना भाइरसको सङ्क्रमण भेटिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा.समिरकुमार अधिकारीले वैशाख ५ गते बिहान ८:४५ बजे विज्ञप्ति प्रकाशन गरेर जानकारी दिनु भएको छ । सङ्क्रमितको अवस्था सामान्य रहेको र करैयामाइबाट कलैया अस्पतालको आइसोलेशन वार्डमा राखी स्वास्थ्यकर्मीका निगरानीमा रहेको प्रमुख जिल्ला अधिकारी रूद्रप्रसाद पण्तिले बताउनु भयो ।
जिल्लाका मानव अधिकारमकर्मीसहित ४१ जना पत्रकारहरूले जेठ २ गते कलैया अस्पतालमा कोरोना परीक्षणको लागि स्वाब सङ्कलन गराएको मेडिकल सुपरिटेण्डेन्ट बिरेन्द्र मण्डडले बताउनु भयो । ४१ जना मध्ये एक जनामा कोरोना भाइरसको सङ्क्रमण भेटिएको र अरू सबैको रिपोर्ट निगेटिभ आएको हो । सङ्क्रमित व्यक्ति जिल्लाको एक एफ.एममा काम गरिरनु भएको थियो । केही दिन पहिला उहाँको आफ्नै छिमेकीसँग झगडा भएकोमा झगडाको विषयलाई लिएर उहाँ जाहेरी दिन जिल्ला प्रहरी कार्यालयमा जानु भएको थियो । एक जना प्रहरीमा जेठ ४ गते कोरोना भाइरसको सङ्क्रमण भेटिएको थियो । यसअघि बिश्रामपुर गाउँपालिका-४ बलिरामपुरका एक जना, जितपुरसिमरा उमनपा-७ जितपुरका एक जना र सोही उमनपा वडा १९ इनर्वामा बस्दै आएका एक जनामा कोरोना भाइरसको सङ्क्रमण भेटिएको प्रमुख जिल्ला अधिकारी पण्डितले बताउनु भयो । कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बारामा चार र रौतहतका बारामा कार्यरत एक प्रहरी गरी पाँच पुगेको छ ।
कलैया उमनपा-३ गंगापुरमा रहेको प्रादेशिक शैक्षिक तालिम केन्द्रमा अस्थाई कोरोना विशेष अस्पताल बनाउनको लागि शैक्षिक तालिम केन्द्रको जेठ ५ गते प्रमुख जिल्ला अधिकारी रूद्रप्रसाद पण्डित, कलैया उपमहानगरपालिकाका नगर प्रमुख राजेशराय यादव, जिल्ला प्रहरी कार्यालयका एसपी कृष्णप्रसाद पंगेनी, सशस्त्र प्रहरी बलका एसपी दिगविजय सुवेदीले स्थलगत अनुगमन गर्नु भएको छ । प्रमुख जिल्ला अधिकारी पण्डितको अध्यक्षतामा जेठ ४ गते बसेको विपद् व्यवास्थापन समितिको बैठकले शैक्षिक तालिम केन्द्र गंगापुरमा ५० शैयाको अस्थाई कोरोना अस्पताल स्थापना गर्ने निर्णय गरेको सूचना अधिकारी ओम खड्काले बताउनु भयो । शैक्षिक तालिम केन्द्रमा रहेका भवनहरूको मर्मत, शौचालय, खानेपानी, विद्युतको मर्मत सम्भार गरिने खड्काले बताउनु भयो । बैठकले तत्कालका लागि तालिम केन्द्रलाई कोरोना विशेष अस्थायी अस्पताल बनाउने र कलैया उपमहानगरपालिका-५ मा रहेको नारायणी सिचाई कार्यालय परिसरमा दिर्घकालिन रूपमा करिब ८० लाखको लागतमा दुई महिना भित्र भवन निर्माण गरि कोरोना अस्पताल सञ्चालन गर्ने निणर्य भएको छ ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसी लामिछाने**का अनुसार कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या वृद्धि भएसँगै पर्सा जिल्लामा गत वैशाख ३० गतेदेखि लागू गरिएको निषेधाज्ञा जेठ ६ गतेबाट हटाइने भएको छ । प्रमुख जिल्ला अधिकारी विष्णुकुमार कार्कीको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले निषेधाज्ञा जारी नराख्ने निर्णय गरेको हो । यद्यपि, लकडाउनलाई भने प्रभावकारी रूपमा कार्यान्वन गरिने समितिले निर्णय गरेको छ । उक्त बैठकले गरेको निर्णयहरू निम्नानुसार छन् :

(क) एम्बुलेन्स, खानेपानी, विद्युत, टेलिफोन मर्मत सम्भारको लागि प्रयोग हुने सवारी साधन, स्वास्थ्यकर्मी बोक्ने सम्बन्धित अस्पतालका यात्रुवाहक सवारी साधन, फोहरमैला व्यवस्थापनमा खटिने जनशक्ति बोक्ने सवारी साधन, औषधी, दुध, पानी पेट्रोलिय पदार्थ ढुवानीका सवारी साधन तथा भन्सारबाट विभिन्न जिल्लाका लागि छुटेका अत्यावश्यक वस्तु तथा सेवा ढुवानी गर्ने मालबाहक सवारी साधन तथा जिल्ला प्रशासन कार्यालयबाट अत्यावश्यक कार्यको लागि सवारी

अनुमति पत्र प्राप्त गरेका सवारी साधनहरूबाहेक अन्य सवारी साधन सञ्चालनमा पूर्ण रूपमा रोक लगाउने ।

(ख) अत्यावश्यक वस्तुहरू (जस्तो खाद्यन्न, किराना, दुध, ग्याँस, पानी आदि) को बिक्री वितरण गर्ने पसलहरू मात्र बिहान जतिसक्दो सबेरैदेखि बिहान ८:३० बजेसम्म मात्र खोल्न दिने । औषधी पसल भने जुनसुकै समयमा पनि खोल्न दिने ।

(ग) साँगुरा गल्ली, ठेलागाडा, चोकहरूमा बिक्री वितरण गर्न नदिने ।

(घ) अत्यावश्यक वस्तुहरूको खरिद बिक्री गर्ने क्रममा सङ्क्रमणको जोखिम हुन नदिन भिडभाड हुन नदिने, व्यवसायी र ग्राहक सबैलाई अनिवार्य रूपमा मास्क लगाउन तथा उपभोक्ताहरूबीच कम्तिमा ३ फिटको दुरी कायम हुने गरी लाइन व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी सम्वन्धित व्यवसायी स्वयम्को हुने । यसो भएको नपाइए सम्वन्धित व्यवसायीलाई सङ्क्रामक रोग ऐन, २०२० अनुसार कारवाही गर्ने ।

(ङ) मुख्य बजार क्षेत्रमा भने बिहान ६ बजेदेखि साँझ ७:३० बजेसम्म खाद्य, किराना पसलहरूसमेत खोल्न नदिने ।

(च) पावर हाउस चोकदेखि रजत जयन्ती चोकसम्मको सडकमा बिहान ६ बजेदेखि साँझ ७.३० बजेसम्म एम्बुलेन्स, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी ओसारपसार गर्ने अस्पतालका सवारी साधन बाहेकका अन्य सवारी साधन समेत सञ्चालमा रोक लगाउने ।

(छ) कृषि कार्यसँग सम्वन्धित सामग्री, पशुपंक्षीजन्य आहारा, सबै प्रकारका खाद्य वस्तु तथा निर्माण सामग्री ढुवानीका साधनहरू बीरगंज महानगरपालिका क्षेत्रभित्र बेलुकी ६:०० बजेदेखि बिहान ६:०० बजेभित्र मात्र सञ्चालन गर्न दिने ।

(ज) भारतबाट आउने तरकारीलाई पर्सा जिल्लाको लागि प्रवेश निषेध गर्ने तर स्थानीय तरकारीलाई भने होम डेलिभरी गर्न दिने ।

(झ) भिडभाड नहुने तथा कामदार, कर्मचारीहरूबीच भौतिक दुरी कायम गर्नेदेखि तोकिएका सबै स्वास्थ्य सुरक्षाका आधारभूत मापदण्ड र शर्त पालना गर्ने औषधी, खाद्यान्न जस्ता अत्यावश्यक उद्योगहरू सञ्चालन गर्न दिने ।

कोभिड १९ को सङ्क्रमण रोकथाम एवम् नियन्त्रण गर्न तथा जिल्लामा शान्ति सुव्यवस्था कायम गर्न लकडाउनको उल्लङ्घन गर्ने एवम् शान्ति सुव्यवस्था र अमन-चयनमा खलल् पुऱ्याउने व्यक्तिहरूलाई सङ्क्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ अनुसार कडा कारवाही गर्ने ।

त्यसैगरी, ६५ वर्षीय नागेन्द्र पटेललाई प्रहरीका असई लालबाबु साहले कुटपिट गरेको आरोप छ । बीरगंज मनपा-१६ स्थित बसपार्क निवासी ती वृद्धको खुट्टा भाच्चिएको बताइएको छ । बीरगंज नयाँ बसपार्क प्रहरी चौकीबाट खटेका असई लालबाबु साहको कुटपिटबाट खुट्टा भाँच्चिएको पटेलले बताउनु भयो । पटेल बसपार्क नजिकै रहेको होटल ऋद्धि सिद्धिका सञ्चालक हनु हुन्छ ।

जेठ ५ गते बिहान ६ बजेको समयमा घरका बच्चाहरूको लागि दुध किन्न जाँदा प्रहरीले निर्घात कुट्पिट गरेको उहाँले बताउनु भयो । कुटपिट पछि घाइते हुनु भएका साहलाई स्थानीयको सहयोगमा उहाँका परिवारका सदस्यले अस्पताल पुऱ्याएका थिए । उहाँ उपचार पछि घर फर्किनु भएको छ । घटनाका सम्बन्धमा बसपार्क प्रहरी चौकीका कमाण्डार सई बिजय शाहीले कुनै गुनासो नआएको बताउनु भयो । जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डिएसपी बीरेन्द्र बहादुर शाहीले पनि घटनाका बारेमा कुनै जानकारी नपाएको बताउनु भयो ।

त्यसैगरी, लकडाउन लम्बिएसँगै भारतका विभिन्न स्थानबाट सीमावर्ती क्षेत्रमा आउनेहरूको सङ्ख्या बढिरहेको छ । पर्सा जिल्लासँग जोडिएको भारतीय सीमानाकामा अहिले हजारौं नेपाली अलपत्र छन् । बीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले महानगरसँग जोडिएको भारतीय सीमा क्षेत्रमा मात्र २ हजारभन्दा बढी नेपाली भएको बताउनु भएको छ । उहाँले पछिल्लो चरणमा भारतमा रेल सञ्चालनमा आएपछि विभिन्न स्थानबाट घर फर्किने नेपालीहरूको सङ्ख्या बढिरहेको बताउनु भयो । भारतीय सीमासँग जोडिएको पर्सा जिल्लाका ठोरी, जीराभवानी, जगरनाथपुर, विन्दवासिनी, पकाहामैनपुर, छिपहरमाई, कालिकामाई गाउँपालिकामा लुकीछिपी र सुरक्षाकर्मीको सहयोगमा नेपाल प्रवेश गर्नेहरू दिनानुदिन बढिरहेका छन् । बीरगंज महानगरको अलौंमा जेठ ४ गते १३ जना बैंगलुरूबाट आएका छन् । उनीहरू १० दिन लगाएर सीमावर्ती हरैयामा आएको र उनीहरूलाई सशस्त्र प्रहरीले नेपाल प्रवेश गराएको हो । अलौं क्वारेन्टाइनमा उनीहरूलाई राखिएको छ । यसैगरी, सीमावर्ती क्षेत्रका क्वारेन्टाइनहरूमा भारतबाट आउने क्रमसँगै क्वारेन्टाइनमा मानिसको सङ्ख्या बढ्दै छ । जीराभवानीमा ५१ जना क्वारेन्टाइनमा छन् । जानकीटोला, पाँडेपुर, पिडारी नाकाबाट छिरेका नेपालीहरूलाई क्वारेन्टाइनमा राखिएको छ ।

यसैगरी, छिपहरमाइमा ४४ जना थिए । त्यहाँबाट चारजना भारतीय ३ गते राति भागेका छन् । उनीहरू १५ दिनभन्दा बढी क्वारेन्टाइनमा बसेका थिए । स्वास्थ्य परीक्षण गरेर तोकिएको समय १४ दिनको क्वारेन्टाइन बसाइपछि क्वारेन्टाइनमुक्त नगरिएको हुँदा उनीहरू आजित भएर भागेको अनुमान गरिएको छ ।

यसैगरी, कालिकामाइमा २४, पकाहामैनपुरमा १४, विन्दवासिनीमा आठ, जगरनाथपुरमा १५ जना छन् । यो गाउँपालिका भारतसँग जोडिएको छ । यी बाहेक पटेर्वासुगौलीमा ३२, सखुवाप्रसौनीमा ३८, बहुदरमाई नपामा नौ, धोबिनी गाउँपालिकामा ३२, पर्सागढी नपामा आठ, पोखरिया नपामा १० र बीरगंज महानगरको ठाकुर राम बहुमुखी क्याम्पसमा १ सय जना भारतीय क्वारेन्टाइनमा रहेका छन् ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**